शिखर इन्स्योरेन्स कम्पनी लि.
बाऱ्हौं वार्षिक साधारण सभाको
निर्णय विवरण

**१. वैधानिक सभा :**

शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको बाऱ्हौं वार्षिक साधारण सभा कम्पनीको संचालक समितिका अध्यक्ष श्री विकास जंगबहादुर राणाज्यूको अध्यक्षतामा कम्पनीको केन्द्रीय कार्यालय भवन, शिखर बिज सेन्टर, थापाथलीमा मिति २०७३ पौष ८ गते शुक्रवार विहान ११:०० बजे प्रारम्भ भई दिउँसो १ बजे सम्पन्न भयो ।

**२. सूचना प्रकाशन :**

सभा हुने मिति, स्थान, समय र छलफल गर्ने प्रस्तावहरु शेयरधनी महानुभावहरुको जानकारीको लागि मिति २०७३ पौष ८ गते अगावै बाऱ्हौं वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन, आ.व. २०७२/०७३ को वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण र लेखापरीक्षकको प्रतिवेदन शेयरधनी महानुभावहरुले कम्पनीमा उपलब्ध गराउनु भएको ठेगानामा पठाइएको र मिति २०७३ मंसिर १६ गते नागरिक राष्ट्रिय दैनिक र सोही सुचना २०७३ मंसिर १७ गते कारोबार राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी जानकारी समेत गराइएको थियो ।

**३. (क) संचालकहरुको उपस्थिति :**

| | |
|---|---|
| १. श्री विकास जंगबहादुर राणा | अध्यक्ष |
| २. श्री वुद्ध एयर प्रा.ली.को तर्फवाट रमेश कुमार लुइटेल | संचालक |
| ३. श्री राजेन्द्र प्रसाद श्रेष्ठ | संचालक |
| ४. श्री गौरव अग्रवाल | संचालक |
| ५. श्री इन्द्र प्रसाद कर्माचार्य | संचालक |
| ६. श्री राम प्रसाद पाण्डे | संचालक |

**(ख) पर्यवेक्षक :**

१. श्री खेमराज खत्री - कम्पनी रजिष्ट्रारको कार्यालय

२.श्री शोभा अधिकारी - नेपाल धितोपत्र वोर्ड

४. **छलफलका विषयहरुको सूची :**

**छलफलका विषयहरु:**

१. सामान्य प्रस्ताव:

क. आ.व. २०७२/७३ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी सो लाई पारित गर्ने बारे ।

ख. आ.व. २०७२/७३ को लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तिय विवरणहरु उपर छलफल गरी सो लाई पारित गर्ने बारे ।

ग. संचालक समिति वाट प्रस्तावित ३.१५७८९% नगद लाभांश पारित गर्ने (प्रस्तावित वोनस शेयरको कर प्रायोजनार्थ )

घ. लेखा परिक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७३/०७४ को लागि लेखा परिक्षकको नियूक्ति तथा पारिश्रमिक तोक्ने वारे ।

ङ. सर्वसाधारण शेयरधनीहरुको तर्फवाट प्रतिनिधित्व गर्ने संचालक पद संख्या - १ को निर्वाचन गर्ने वारे ।

च. विविध ।

२. विशेष प्रस्ताव:

क. सञ्चालक समितिको प्रस्ताव बमोजिम चुक्ता पुँजीको ६० प्रतिशत बोनस शेयरको प्रस्ताव पारित गर्ने वारे । (बोनस शेयर बितरण गर्दा खण्डित शेयरको हकमा माथिल्लो नजिकको अंकमा परिणत गर्ने र सो गर्दा शेयर स्वामित्व (पुँजी प्रतिशत) कायम राख्ने गरी जारी पुँजी तथा चुक्ता पुँजी संसोधन गर्ने । यसरी शेयर संख्या थपघट गर्ने अधिकार संचालक समितिलाई दिने ।)

ख. संचालक समितिवाट प्रस्ताव गरे बमोजिम ६० प्रतिशतको बोनस शेयर पश्चात हुने कम्पनीको चुक्ता पूँजीमा सर्वसाधारण शेयरधनीको हिस्सा ४० प्रतिशत पुऱ्याउन कम्पनी ऐन २०६३ को दफा २९ वमोजिम प्रिमियममा साधारण शेयरको नयाँ निश्कासन (FPO) जारी गरी पुँजी वृद्धि गर्ने र सो सम्वन्धी सम्पुर्ण कार्यहरु गर्न संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने

ग. संचालक समिति तथा उप-समितिको बैठक भत्ता तथा अन्य सुविधा वारे ।

घ. संस्थागत सुशासन सम्वन्धी निर्देशिका, २०७३ को निर्देशन नं. १२(२) बमोजिम कार्यकारी प्रमुखको पारिश्रमिक वारे ।

ङ. कम्पनीले संचालक समितिको निर्णय वमोजिम गरिएको चन्दा तथा समाजिक उत्तरदायित्व अन्तर्गतका खर्चहरुलाई अनुमोदन गर्ने वारे ।

च. प्रबन्ध-पत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र सो कार्य सम्पन्न गर्न संचालक समितिलाई आवश्यक सम्पुर्ण अधिकार प्रत्यायोजन गर्ने ।

५. **सभाको गणपुरक संख्या :**

| | कुल संख्या | उपस्थित संख्या | प्रतिनिधित्व प्रतिशत(%) |
|---|---|---|---|
| शेयरधनी संख्या | १७,४१० | ६८६ | ३.९५ |
| शेयर संख्या | ५०,९८,९७३ | ३३,२२,२८९ | ६५.१६ |

६. **सभाको वैधानिकता र अध्यक्षता :**

साधारण सभाको कार्यवाही शरु हुनु अघि कम्पनी सचिव श्री सुरज राजवाहकज्यूले उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्नु हुँदै कम्पनी ऐन, २०६३ तथा कम्पनी नियमावली बमोजिम प्रक्रिया पुरा गरी सभा बोलाइएको र यो सभा संचालन गर्न आवश्यक

गणपूरक संख्या पूरा भै सभाको वैधानिकता कायम भएको घोषणा गर्नु हुँदै संचालक समितिका अध्यक्ष श्री विकास जंगबहादुर राणा ज्यूलाई सभाको अध्यक्षता ग्रहण गरी सभा संचालनको लागि आग्रह गर्नुभयो ।

## ७. सभाको संचालन तथा प्रतिवेदन प्रस्तुती :

कम्पनीको बाह्रौं वार्षिक साधारण सभा संचालन गर्ने क्रममा सभाका अध्यक्ष श्री विकास जंगबहादुर राणाज्यूले विषय-सूची अनुसार संचालक समितिको आ.व.२०७२/०७३ को वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात तथा नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण सम्वन्धमा संक्षिप्त रुपमा साधारण सभामा प्रस्तुत गर्दै विगत आर्थिक वर्षहरुमा झैं समीक्षा वर्षमा पनि नेपालको १७ निर्जीवन बीमा कम्पनीहरुमध्ये यस कम्पनीले सवैभन्दा वढी बीमा शुल्क आर्जन तथा सवैभन्दा बढी बीमालेख जारी गर्न सफल भएको जानकारी गराउनु भयो । नेपालको निर्जीवन बीमा क्षेत्रमा हाल सम्मकै सर्वाधिक ६० प्रतिशत बोनस शेयर प्रस्ताव गर्न पाउँदा गौरवान्वित महसुस भएको जानकारी गराउँदै कम्पनीको वित्तीय सफलता र आफ्नो व्यवसायिक रणनीतिलाई मध्यनजर गदै आफ्ना शेयरधनीहरुलाई आउँदा दिनहरुमा समेत सदा उच्चतम प्रतिफल प्रदान गर्न कम्पनी प्रयत्नशिल रहने प्रतिवद्धता व्यक्त गर्नु भयो । कार्य-सुची वमोजिमको प्रस्तावहरु उपर छलफल गरी सम्पुर्ण शेयरधनी महानुभावहरुले स्वीकृत गर्नु हुने आशा व्यक्त गर्दै कम्पनीको तुलनात्मक विवरण तथा कम्पनीको विभिन्न योजनाहरुको सम्वन्धमा साधारण सभामा प्रस्तुत गर्न कम्पनीका प्रमुख कार्यकारी अधिकृत दिप प्रकाश पाण्डेलाई निर्देशन प्रदान गर्नु भयो ।

कम्पनीको तुल्नात्मक विवरण तथा आगामी योजनाहरु सम्बनधमा प्रमुख कार्यकारी अधिकृत दिप प्रकाश पाण्डेज्यूले निम्नानुसार प्रस्तुत गर्नु भयो -

- २०७२ वैशाखमा गएको विनाशकारी भुकम्प तथा गतवर्ष भएको नाका अवरोध द्वारा सृजित विषमआर्थिक परिस्थितिमा समेत आफ्नो व्यवसायमा ४८ प्रतिशतको वृद्धि हासिल गरि रु.२०० करोड बीमा शुल्क आर्जन गरी नेपाली निर्जिवन बीमा क्षेत्रमा नयाँ कोषे ढुंगा पार गर्न सफल भएको जानकारी गराउनु भयो ।
- आउँदो आर्थिक वर्षमा ५०% को वृद्धि हासिल गरी ३०० करोडको बीमा शुल्क आर्जन गर्ने लक्ष्य लिएको जानकारी गराउनुभयो । चालु आ.व.मा हाल सम्म ९०% को वृद्धि रहको हुँदा लिइएको लक्ष्य पुरा हुने विश्वास व्यक्त गर्नु भयो ।
- नेपालका कम आय भएका जनता तथा ग्रामीण भेगमा समेत बीमाको पहुँच वढाउन अग्रसर रहने क्रममा मुगु, मुस्ताङ्ग, जुम्ला, कालिकोट, रसुवा जस्ता दुर्गम विकट जिल्लाहरुमा समेत शाखा विस्तार गरी बीमा सेवा प्रदान गर्ने क्रम जारी राख्दै अन्य क्षेत्रहरुमा समेत शाखा विस्तार गर्दै जाने योजना रहेको जानकारी गराउनु भयो ।
- पुर्ण व्यवसायिक वातावरणमा नआईसकेको नेपाली बीमा वजारलाई व्यवसायीकरण गर्दै बीमा वजारलाई व्यवस्थित गरी विस्तार गर्न हाम्रो कम्पनीले अग्रणी भुमिका खेल्दै आएको जानकारी गराउनु भयो । यसवाट राष्ट्रको बीमा वजारमा सकारात्मक असर पर्ने विश्वास व्यक्त गर्नु भयो ।
- आ.व. २०७१/०७२मा निर्जिवन बीमा क्षेत्रवाट सवै भन्दा वढी आयकर दाखिला गर्न सफल भएको कारण चालु आ.व.मा आन्तरिक राजस्व विभागवाट यस कम्पनीलाई सम्मान पत्र प्रदान गरिएको तथा लगातार दोस्रो पटक वेस्ट मैनेज्ड ईन्स्योरेन्स कम्पनीको रुपमा आ.व. २०७२/०७३मा उत्कृट निर्जीवन विमा कम्पनीको रुपमा पुरस्कृत हुन सफल भएको सहर्ष स्मरण गराउनु भयो ।

- बीमा ऐन, नियमावली तथा बीमा समितिवाट जारी निर्देशनको अधिनमा रही अन्य ऐनको पुर्ण पालना गरी कम्पनीको हरेक गतिविधिलाई पारदर्शी वनाई अगाडी वढ्न कम्पनी प्रतिवद्ध रहेको जानकारी गराउनु भयो ।
- बीमा समितिको विभिन्न निर्देशिकाहरु पालन गर्दै शिखर इन्स्योरेन्सले अग्रणी भुमिका निर्वाह गर्दै बीमा क्षेत्रमा व्यवसायिकरणको समेत विकास गर्दै गई रहेको जानकारी गराउनु भयो ।
- संचालक समितिबाट प्रस्तावित ६०% को वोनस शेयर पारि भएपश्चात कम्पनीको पुँजी ८१ करोड पुग्ने जानकारी गराउनु भयो ।
- कम्पनी वित्तीय रुपमा सुदृढ रहेको तथा खुदधारण, लगानी, बीमा कोष, असमाप्त जोखिम जगेडा रकम, सोल्भेन्सी मार्जिन र नेटवर्थमा बजार औषत भन्दा माथी रहेको जानकारी गराउनु भयो ।
- कम्पनीको बीमा बजार बीमाशुल्क रकममा करिब १४% तथा बीमालेख संख्याको आधारमा करिब १७% रहेको, बीमा क्षेत्रमा यस कम्पनीको साखमा वृद्धि भई ग्राहकहरुको विश्वास जित्न सफल भएको जानकारी गराउदै अगामी तीन वर्षमा २०% बजार हिस्सा पुऱ्याउने लक्ष्य लिएको जानकारी गराउनु भयो ।
- सक्षम यु.के.एड संगको सहकार्यमा नेपालमै पहिलो पटक मौसम सुचकाङ्कमा आधारित बीमा सेवा जुम्ला जिल्लावाट शुरुवात गरिएको सहर्ष जानकारी गराउनु भयो ।
- कम्पनीको व्यवस्थापन तथा कर्मचारी समुह जस्तोसुकै चुनौती तथा समस्याहरुलाई अवसरका रुपमा परिणत गरी अगाडी वढ्न सक्षम रहेको जानकारी गराउनु भयो ।
- यस कम्पनीका विमित महानुभावहरुलाई भरपर्दो बीमासेवा उपलब्ध गराउन र लगानीकर्ताको लगानी सुरक्षित राख्न सदा अग्रसर रहने विश्वास व्यक्त गर्नु भयो ।
- कम्पनीका सम्पुर्ण कर्मचारीहरुको मिहिनेतले कम्पनीको लक्ष्य पुरा गर्न सहयोग पुगेको धारणा व्यक्त गर्नु भयो ।
- मुख्य वित्तीय सुचक सम्वन्धमा वजार औषतसंग कम्पनीको तुलनात्मक विवरण सभामा प्रस्तुत गर्नु भयो ।
- कम्पनीले नेपालको दुर्गम क्षेत्र लगायत सम्पुर्ण भागमा बीमा सेवा पुऱ्याउने लक्ष्य अनुरुप हाल सम्म ३४ वटा शाखा कार्यालय स्थापना गरि सकिएको र यस आ.व.को अन्त सम्ममा ४५ शाखा कार्यालय पुऱ्याउने लक्ष्य लिएको जानकारी गराउनु भयो ।
- कम्पनीको व्यवस्थापन खर्चको विभिन्न शिर्षक वृद्धि हुनुको मुख्य कारणहरु मध्ये शाखा कार्यालय विस्तार, तलव वृद्धि, थप कर्मचारी नियूक्ति, कर्मचारीहरुलाई दिईएको सवारी साधन भत्ता सुविधा तथा जारी बीमालेख संख्यामा उल्लेख्य वृद्धि रहेको सम्वन्धमा जानकारी गराउनु भयो । साथै गत आ.व.मा लगानी आयमा आएको कमीका विविध कारणहरु जानकारी गराउनु भयो ।
- कम्पनीको भावी योजनाहरुमा शाखा विस्तार, स्वास्थ बीमा तथा लघु बीमा प्रवर्द्धन, पूँजी वृद्धि, साधारण शेयरको नयाँ निष्काशन, लगानी विविधिकरण सम्वन्धमा सभामा जानकारी गराउनु भयो ।
- गएको आ.व.मा ३० करोडको नाफा हासिल गरेकोमा चालु आ.व.मा ५० करोडको नाफा आर्जन गर्ने लक्ष्य लिएको जानकारी गराउनु भयो ।
- बीमालेखको संख्या जति वढ्यो त्यति नै कम्पनी वलियो हुँदै जाने विश्वास लिदै सोही अनुरुप कम्पनी अगाडी वढ्दै गईरहेको जानकारी गराउनु भयो ।
- लगानीकर्ताहरुलाई यस कम्पनीमा लगानी गर्ने आधारहरुको वारे जानकारी गराउँदै ढुक्क भई यस कम्पनीमा लगानी गर्न अग्रह गर्नु भयो ।

## ८. छलफलको लागि आह्वान :

अध्यक्षज्यूले आ.व.२०७२/०७३ को संचालक समितिको बाऱ्हौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरणहरु तथा विविध पक्षहरु उपर आ-आफ्नो प्रश्न जिज्ञासा, प्रतिक्रिया, मन्तब्य एवं सुझाव दिनको लागि शेयरधनी महानुभावहरुलाई आह्वान गर्नुभएपछि निम्न बमोजिमका शेयरधनी महानुभावहरुले आ-आफ्नो राय सुझाव एवं प्रश्नहरु राख्नुभयो ।

क. श्री अमृत नाथ रेग्मी
ख. श्री नवराज घिमिरे
ग. श्री मेजर कुवेर श्रेष्ठ
घ. श्री डमरु वल्लभ घिमिरे
ङ श्री जयानन्द मान सिंह वानिया
च. श्री रोज कुमार श्रेष्ठ
छ. श्री उद्धव घिमिरे
ज. श्री लवराज जोशी
झ. श्री इन्द्र कृष्ण श्रेष्ठ
ञ. श्री रामगोपाल महर्जन
ट. श्री माधव कुमार श्रेष्ठ
ठ. श्री नर्सिंह लाल चखु (लिखित)

## ९. शेयरधनीहरुबाट सभामा प्रस्तुत भएका राय सुझाव एवं प्रश्नहरु :

९.१ श्री अमृत नाथ रेग्मी

- बीमा क्षेत्रमा सर्वोत्कृष्ट कम्पनी हुन सफल भएकोमा संचलाक समिति, कार्यकारी प्रमुख, तथा सम्पुर्ण कर्मचारीहरुलाई वधाई ज्ञापन गर्नु भयो ।
- कम्पनीको अवस्थाबारे अन्तराष्ट्रिय विशेषज्ञबाट अध्ययन गराई कम्तीमा पाँच वर्षको योजना तथा रणनीति बनाई अघि बढन अनुरोध गर्नु भयो ।
- नयाँ संविधानमा भएको संघिय संरचना वमोजिम कम्पनीको संरचनामा परिवर्तन गर्न अनुरोध गर्नु भयो ।
- बीमा व्यवसाय सम्वन्धमा शिखर इन्स्योरेन्सले अग्रणी भुमिका खेल्दै अगाडी वढ्न अनुरोध गर्नु भयो ।
- कम्पनीको कर्मचारीहरुलाई उच्च व्यवसायिक तालिमका लागि विदेशमा संचालन हुने तालिममा भाग लिन पठाउनु पर्ने सल्लाह दिनु भयो ।
- राष्ट्रिय स्तरको पुरस्कार प्राप्त गर्न सफल भएकोमा बधाई दिँदै अन्तराष्ट्रिय पुरस्कार समेत प्राप्त गर्नका लागि गर्नु पर्ने आवश्यक कार्यहरु समेत गर्नका लागि अनुरोध गर्नु भयो ।
- संचालक समितिद्वारा प्रस्ताव गरिएको साधारण शेयरको नयाँ निष्काशन सफल हुने विश्वास व्यक्त गर्नु भयो ।
- सरकारले ल्याएको स्वास्थ्य बीमाको सहयोगी भई अगाडी वढ्न सके लघु बीमालाई प्रवर्द्धन गर्न सकिने धारणा व्यक्त गर्नु भयो ।

- शिखर इन्स्योरेन्स कम्पनीको काठमाण्डौमा आफ्नै भवन भए जस्तै नेपालको अन्य शहरहरुमा पनि भवन वनाई व्यवसाय संचालन गर्न आग्रह गर्नु भयो ।

९.२ श्री नवराज घिमिरे

- अन्य बीमा कम्पनी भन्दा अब्बल रुपमा दर्ज भएको र अगामी दिनमा पनि शिखर चुम्दै जाओस भनि शुभकामना व्यक्त गर्नु भयो ।
- गत वर्ष साधारण शेयरको नयाँ निष्काशन गरेकोले यस वर्ष पनि निष्काशन गर्न नमिल्ने सम्वन्धी सुनिएको हल्ला सम्वन्धमा स्पष्ट पार्न आग्रह गर्नु भयो ।

९.३ श्री माधव प्रसाद श्रेष्ठ

- Vigilent Independent Professional Shareholder को हैसियतले हामी शेयरधनीहरुले दिएको विचार अनुसार अगाडी वढेमा कम्पनीलाई राम्रो हुने विचार व्यक्त गर्नु भयो ।
- The role of independent directors is to bring objectivity to the board to protet the interest of minority sharehodders and imprve risk management सम्वन्धमा लिखित मन्तव्य पेश गर्नु भयो ।

९.४ श्री कुवेर श्रेष्ठ

- नेपालको करिब रु.१,५०० करोडको बीमा बजारमा शिखर इन्स्योरेन्स कम्पनीले मात्र रु.२०० करोडको व्यवसाय गर्न सक्नुमा कम्पनीको संचालक समिति, कार्यकारी प्रमुख तथा कर्मचारी हरुको दृष्टिकोण पुग्न सकेकोमा प्रसंसा गर्नु भयो ।
- विभिन्न चुनौतीहरुको वावजुद पनि शेयरधनीलाई ६०% वोनस शेयर प्रदान गरेकोमा धन्यवाद ज्ञापन गर्नु
- आगामी २ वर्ष भित्र बीमालेख संख्या ५ लाख पुऱ्याउन व्यवस्थापनलाई निर्देशन दिन संचालक समितिलाई आग्रह गर्नु भयो ।
- कम्पनीको मानव संसाधनमा लगानी गर्न अनुरोध गर्नुभयो ।
- कम्पनीको कुल बीमा व्यवसायमा मोटर बीमाको हिस्सा बढी रहेको ध्यानआकार्षण गराउनु भई कुल बीमा व्यवसायमा मोटर बीमाको हिस्सा आधा कायम गरी अन्य बीमा व्यवसायको विस्तार गर्नुपर्नेमा जोड दिनु भयो ।
- शेयरधनीहरुका लागि बीमा अभिमुखिकरण कार्यक्रम चलाउनु पर्नेमा जोड दिनुभयो ।
- शिखर छात्रवृति स्थापना गर्न आग्रह गर्नुभयो ।

९.५ श्री डम्वरु वल्लभ घिमिरे

- कम्पनी ऐनले तोकेको समय भित्रै साधारण सभा सम्पन्न गर्न सकेकोमा वधाई ज्ञापन गर्नु भयो ।
- ६०% वोनस शेयर शेयरधनीहरुको लागि स्वर्णमाला भएको व्यक्त गर्नु भयो ।

९.६ श्री जयानन्द मान सिंह वानिया

- Law of large number को आधारमा बीमा गरेको सम्पत्ति दुर्घटनामा परेमा समयमा दावी भुक्तानी गर्नुका साथै जोखिम न्युनिकरण गर्न सकिने कुरा व्यक्त गर्नुभयो ।

- आउँदो तीन आ.व.को लक्ष्य प्रस्तुत गर्नु भएकोमा प्रसंसनिय भएको धारणा व्यक्त गर्नु भयो ।
- बीमा समितिले वित्तिय विवरण स्विकृति गर्ने क्रममा दिएको निर्देशनहरुको पुर्ण रुपमा पालना गर्न सुझाव व्यक्त गर्नु भयो ।

९.७ श्री रोज कुमार श्रेष्ठ

- शिखर इन्स्योरेन्सले गरेको सम्पुर्ण कार्यहरु सन्तोषजनक भएको धारणा व्यक्त गर्नु भयो ।
- FPO उपलब्धी मुलक हुने विश्वास व्यक्त गर्नु भयो ।
- बीमालेख, बीमा शुल्क, खुद नाफा पुनर्विमा व्यवस्था वढाएकोमा प्रसंसा गर्नुभयो ।
- कृषि तथा पशुबीमालाई देश व्यापी रुपमा विस्तार गरेमा फाईदामुलक हुने धारणा व्यक्त गर्नु भयो ।
- EPS भन्दा DPS वढी देखिएकोमा विचार पुऱ्याउन आग्रह गर्नु भयो ।

९.८ श्री उद्धव प्रसाद घिमिरे

- शिखर इन्स्योरेन्स कम्पनीको सम्पुर्ण पक्षहरु राम्रो भएकोमा कम्पनीका संचालक समिति,कार्यकारी प्रमुख तथा सम्पुर्ण कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्नु भयो ।
- Balance sheet अझै पारदर्शी वनाउन आग्रह गर्नुभयो ।
- कर्मचारीहरुलाई नियमित रुपमा विभिन्न तालिममा पठाउन आग्रह गर्नुभयो ।
- पौष मसान्त भित्र साधारण सभा सम्पन्न गर्न सकेकोमा धन्यवाद व्यक्त गर्नुभयो ।

९.९ श्री लवराज जोशी

- कम्पनीको प्रगतीको लागि कम्पनीको संचालक समिति, कार्यकारी प्रमुख तथा सम्पुर्ण कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्नुभयो ।
- अल्पकालिन र दिर्घकालिन योजना वनाई अगााडी वढन आग्रह गर्नुभयो ।
- कार्यकारी प्रमुख तथा कर्मचारीहरुको सेवा सुविधा वढाई हौसला वढाउदै जानु पर्ने विचार व्यक्त गर्नुभयो ।

९.१० श्री इन्द्र कृष्ण श्रेष्ठ

- समयमै साधारण सभा सम्पन्न गरेकोमा धन्यवाद व्यक्त गर्नु भयो ।
- ६०% वोनस शेयर दिएकोमा धन्यवाद दिनु भयो ।
- FPO आवश्यक नभएकोले ल्याउन नहुने धारणा व्यक्त गर्नुभयो ।

९.११ राम गोपाल महर्जन

- शिखर इन्स्योरेन्सले हरेक क्षेत्रहरुमा राम्रो गर्न सकेकोमा धन्यवाद व्यक्त गर्नु भयो ।
- भुकम्प दावी सम्वन्धी विवरण प्रस्तुत गर्न आग्रह गर्नु भयो ।
- बीमा समितिले वित्तिय विवरण स्विकृत गर्दा दिएको निर्देशनहरुको पुर्ण रुपमा पालना गर्न आग्रह गर्नुभयो ।

९.१२ श्री नर्सिंह लाल चखु (लिखित मन्तव्य)

- कम्पनीले लगानीकर्ताहरुको हित र प्रतिफलमा ध्यान दिएको छ । यसको लागि संचालक समिति लगायत व्यवस्थापनलाई हार्दिक धन्यवाद व्यक्त गर्नुभयो ।

- हवाई बीमा र कृषि बीमा बाहेक अन्य बीमामा आशातित प्रगति गरेको देखिएको कुरा व्यक्त गर्नुभयो ।
- वित्तिय साक्षरता, वित्तिय अनुशासन एवं व्यवस्थापकिय सुशासनमा कम्पनी प्रबल देखिएको धारण व्यक्त गर्नुभयो ।
- कम्पनीले व्यवसाय विस्तार गर्ने कममा Event Risk , Poltical Risk तर्फ सचेत रहनुपर्ने सुझाव व्यक्त गनुभयो ।
- कम्पनीको EPS, DPS , MPPS मा आकर्षक सुधार भएकोमा वधाई ज्ञापन गर्नुभयो ।
- विभिन्न बीमा कम्पनीहरुको तुल्नात्मक वित्तिय विश्लेषणमा यस कम्पनीको स्थान उच्च रहेकोमा खुशी व्यक्त गर्नभयो ।
- शिक्षा पर्यटन कृषि र होस्पीटालिटि क्षेत्रमा जोड दिन आग्रह गर्नुभयो ।
- पुँजी वृद्धिमा यस कम्पनीको स्थान राम्रो रहेको व्यक्त गर्नुभयो ।
- ROA, ROI मा अझै प्रखरता दिए राम्रो हुनेमा विश्वास व्यक्त गर्नुभयो ।
- कर्मचारीको कार्य मुल्याँकन गरी उनीहरुको आवश्यक्ता र चाहनालाई व्यवस्थापनले वुझी समय समयमा प्रोत्साहन दिनु पर्नेमा जोड गर्नुभयो ।
- हरेक शाखा कार्यालयले नाफा कमाउनु पर्नेमा जोड गर्नुभयो ।
- विभिन्न कम्पनीहरुको शेयरमा गरेको लगानीलाई दोश्रो वजारमा कारोवार गरी राम्रो नाफा ग्रहण गर्नु पर्नेमा ध्यानाकर्षण गर्नुभयो ।
- झुठा दावी भुक्तानीमा सजग रहनु पर्नेमा जोड गर्नुभयो ।
- Earning per Employee, Trend Analysis Practice र Earning Assessment Management मा वढी जोड दिन सुझाव व्यक्त गर्नुभयो ।

**१०. शेयरधनीहरुको जिज्ञासा उपर सभाका अध्यक्ष श्री विकास जंग बहादुर राणाज्यूको प्रतिंउत्तर :**

शेयरधनी महानुभावहरुले दिनु भएको सल्लाह र सुझावहरु अहम र महत्वपुर्ण भएको जानकारी गराउँदै सुझावहरु मनन गर्दै पालना गर्ने र आउँदा वार्षिक साधारण सभामा सोको आभाष हुने प्रतिवद्धता व्यक्त गर्नुभयो । अगामी साधारणसभामा अझ राम्रो परिणाम दिने विश्वास दिलाउन प्रयत्न गरिने जानकारी गराउनु भयो ।

**शेयरधनीहरुको जिज्ञासा उपर प्रमुख कार्यकारी अधिकृत श्री दिप प्रकाश पाण्डेको प्रतिउत्तर :**

- यस कम्पनीले आफ्नो खुद धारण वढाएका कारणले पुनर्विमा कमिशनमा कमि आएको जानकारी गराउनु भयो । साथै कम्पनीले रु.६०० करोडको महाविपत्ति पुनर्बीमा खरिद गर्ने कममा करिब रु.८ करोडको पुनर्बीमा शुलक भुक्तानी गरेको कारण पुनर्बीमा कमिशन प्रतिशत कम देखिएको बारे जानकारी गराउनुभयो ।
- हवाई वीमामा व्यवस्थापण खर्चको बाँडफाँडको कारण घाटा देखिएतापनि वास्तविक घाटा नभएको जानकारी गर्नुभयो । हवाई बीमा गर्दा करिब ९९% पुनर्विमा हुने बारे जानकारी गराउनुभयो ।
- Standard PE Ratio को सम्वन्धमा नियामक निकायवाट कुनै किसिमको Standerd नतोकिएको जानकारी गर्नभयो । साथै कम्पनीको शेयरमुल्य खुला बजारले निर्धारण गर्ने भएकोले PE Ratio मा कम्पनीको नियन्त्रण नहुने जानकारी गराउनु भयो ।
- भविष्यमा वढि भन्दा वढि मुनाफा आर्जन गर्दै जगेडाकोषलाई चुक्ता पुँजी सरह वढाउदै लैजाने विचार व्यक्त गर्नुभयो ।

- लेखा परिक्षकको कैफियतलाई सुधार गर्दै बीमा समितिको निर्देशनहरु पालना गर्दै आएको जानकारी गराउनुभयो ।
- बीमा वजार हिस्सा र बीमाशुल्क आर्जन सम्वन्धमा तोकिएको लक्ष्य पुरा गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।
- शेयरधनीहरुको माग अनुसारको नयाँ बीमालेखहरु वजारको अवस्था हेरी प्रचलनमा ल्याउने धारण व्यक्त गर्नुभयो ।
- बीमा दावी प्रक्रियालाई अझ सरल र सहज वनाई बीमा भुक्तानी कै माध्यमवाट व्यवसाय वृद्धि गर्न टेवा पुग्ने विचार व्यक्त गर्नुभयो ।
- नियामक निकायको निर्देशनको अधिनमा रही shareholder's benefit scheme तर्फ विचार गर्न सकिने धारणा व्यक्त गर्नुभयो ।
- कर्मचारीहरुको मनोवल वद्धि गर्न समय समयमा कर्मचारीहरुलाई विभिन्न किसिमका पुरस्कारहरु प्रदान गर्दै आएको सम्वन्धमा जानकारी व्यक्त गर्नुभयो ।
- लगातार साधारया शेयरको नयाँ निष्काशन गर्न नपाउने सम्बन्धमा कुनै व्यवस्था नरहेको जानकारी गराउनुभयो ।

**११. वार्षिक साधारण सभाको निर्णय :**

१. आ.व.२०७२/७३ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी सर्वसम्मत्तिद्वारा पारित गर्ने निर्णय गरियो ।

२. आ.व.२०७२/७३ को लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तिय विवरणहरु उपर छलफल गरी सो सर्वसम्मत्तिद्वारा पारित गर्ने निर्णय गरियो ।

३. संचालक समितिवाट प्रस्तावित ३.१५७८९%(प्रस्तावित वोनस शेयरको कर प्रायोजनार्थ) नगद लाभांश सर्वसम्मत्तिद्वारा पारित गर्ने निर्णय गरियो

४. आर्थिक वर्ष २०७३/०७४ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने बारेमा लेखा परिक्षण समितिद्वारा प्रस्तावित वि.के.अग्रवाल एण्ड कम्पनी, चार्टड एकाउन्टेन्टसलाई नियुक्ति गर्ने र निजको पारिश्रमिक गत वर्ष अनुरुप कायम गर्ने निर्णय सर्वसम्मतिद्वारा पारित गरियो ।

५. सञ्चालक समितिको प्रस्ताव बमोजिम चुक्ता पुँजीको ६० प्रतिशत बोनस शेयर वितरण गर्ने निर्णय सर्वसम्मत्तिद्वारा पारित गरियो । (बोनस शेयर बितरण गर्दा खण्डित शेयरको हकमा माथिल्लो नजिकको अंकमा परिणत गर्ने र सो गर्दा शेयर स्वामित्व (पुँजी प्रतिशत) कायम राख्ने गरी जारी पुँजी तथा चुक्ता पुँजी वृद्धि गर्ने निर्णय सर्वसम्मत्तिद्वारा पारित गरियो । यसरी शेयर संख्या थपघट गर्ने अधिकार संचालक समितिलाई दिने निर्णय सर्वसम्मत्तिद्वारा पारित गरियो ।)

६. संचालक समितिवाट प्रस्ताव गरे बमोजिम ६० प्रतिशतको बोनस शेयर पश्चात हुने कम्पनीको चुक्ता पूँजीमा सर्वसाधारण शेयरधनीको हिस्सा ४० प्रतिशत पुऱ्याउन कम्पनी ऐन २०६३ को दफा २९ वमोजिम प्रिमियममा साधारण शेयरको नयाँ निश्कासन (FPO) जारी गरी पुँजी वृद्धि गर्ने र सो सम्वन्धी सम्पुर्ण कार्यहरु गर्न संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय सर्वसम्मत्तिद्वारा पारित गरियो ।

७. संचालक समिति तथा उप-समितिको बैठक भत्ता तथा अन्य सुविधा निम्नानुसार प्रदान गर्ने निर्णय सर्वसम्मत्तिद्वारा पारित गरियो :

क. संचालक समिति वैठक भत्ता तथा सुविधा :

संचालक समितिका अध्यक्ष रकम रु.१२,०००।- प्रति बैठक

संचालक समितिका अन्य सदस्य रकम रु.१०,०००।- प्रति बैठक

अन्य सुविधा - संचालक समितिका प्रत्येक सदस्यलाई मासिक १०० लिटर पेट्रोल

ख. उपसमितिका सम्पुर्ण सदस्यहरुको वैठक भत्ता : रु.५,०००।- प्रति बैठक

८. संस्थागत सुशासन सम्वन्धी निर्देशिका, २०७३ को निर्देशन नं. १२(२) बमोजिम कार्यकारी प्रमुखको पारिश्रमिक संस्थागत सुशासन अनुरुप हाललाई २५ गुणा सम्म प्रदान गर्ने निर्णय सर्वसम्मत्तिद्वारा पारित गरियो तथा संस्थागत सुशासन अनुरुप फेरवदल गर्न परेमा सो सम्वन्धी सम्पुर्ण आवश्यक कार्य गर्न संचालक समितिलाई सम्पुर्ण अख्तियारी प्रदान गरियो । साथै जीवन बीमा, गाडी भत्ता लगायत अन्य सेवा तथा सुविधाहरु समेत अन्य कर्मचारीलाई प्रदान गरिएको न्युनतम रकमको २५ गुणसम्म हुने गरी प्रदान गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

९. कम्पनीको अधिकृत पुँजीलाई वृद्धि गरी रु.२,००,००,००,००० (अक्षरुपी रु. दुई अरब) निर्धारण गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

९. कम्पनीले आ.व. २०७२।७३ मा गरिएको चन्दा, उपहार तथा समाजिक उत्तरदायित्व अन्तर्गतका खर्चहरुलाई अनुमोदन गर्ने निर्णय सर्वसम्मत्तिद्वारा पारित गरियो ।

१०. संलग्न बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र सो कार्य सम्पन्न गर्न संचालक समितिलाई आवश्यक सम्पुर्ण अधिकार प्रत्यायोजन गर्ने निर्णय सर्वसम्मत्तिद्वारा पारित गरियो ।

११. निर्वाचन कार्यक्रम वमोजिम सर्वसधारण शेयरधनीहरु समुह "ख" को तर्फवाट संचालक समितिमा प्रतिनिधित्व गर्न श्री दिनेश बज्र बज्राचार्यज्यू कम्पनीको संचालकमा निर्विरोध निर्वाचीत हुनु भएको भनि निर्वाचन अधिकृत श्री अवतार न्यौपाने ज्यूले घोषणा गर्नु भयो ।

**१२. धन्यवाद ज्ञापन**

यस बाहेक अन्य विषय नभएकोले अध्यक्षज्यूले सभामा उपस्थित हुनु भई आ-आफ्ना प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावहरु व्यक्त गरी बाह्रौं वार्षिक साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा उपस्थित विभिन्न निकायका आमन्त्रित प्रतिनिधिहरु समेत उपस्थित महिला तथा सज्जनवृन्द सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

सुरज राजवाहक
कम्पनी सचिव

विकास जंग बहादुर राणा
अध्यक्ष

## शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको बाह्रौं वार्षिक साधारण सभाको निर्णयबमोजिम कम्पनीको प्रबन्ध-पत्रमासंशोधन

| प्रबन्ध-पत्रको सम्वन्धित दफा | हालको व्यवस्था | संशोधित व्यवस्था | संसोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| | कम्पनीको अधिकृत पुँजी रु.१,५०,००,००,०००।- (एक अरव पचास करोड) हुनेछ । उक्त पुँजीलाई रु.१००।-(एक सय) का दरका १,५०,००,०००(एक करोड पचास लाख) थान साधारण शेयरमा विभाजन गरिनेछ | कम्पनीको अधिकृत पुँजी रु.२,००,००,००,०००।- (दुई अरव) हुनेछ । उक्त पुँजीलाई रु.१००।-(एक सय) का दरका २,००,००,००० (दुई करोड) थान साधारण शेयरमा विभाजन गरिनेछ | अधिकृत पूँजी वृद्धि गर्न |
| दफा ५(ख) | कम्पनीको जारी पुँजी ५०,९८,९७,३००/-(पचास करोड अन्ठानब्वे लाख सन्तानब्बे हजार तीन सय) हुनेछ । जसलाई रु.१०० का दरका ५० लाख ९८ हजार ९ सय ७३ थान साधारण शेयरहरुमा विभाजन गरिनेछ । | कम्पनीको जारी पुँजी रु.९५,३९,४६,४००/-(पंचानब्बे करोड उनन्चालिस लाख छयालिस हजार चार सय) हुनेछ । जसलाई रु.१०० का दरका ९५ लाख ३९ हजार ४ सय ६४ थान साधारण शेयरहरुमा विभाजन गरिनेछ । | पूँजी वृद्धि गर्न |
| दफा ५(ग) | कम्पनीको हाल चुक्ता पुँजी ५०,९८,९७,३००/-(पचास करोड अन्ठानब्वे लाख सन्तानब्बे हजार तीन सय) हुनेछ । जसलाई रु.१०० का दरका ५० लाख ९८ हजार ९ सय ७३ थान साधारण शेयरहरुमा विभाजन गरिनेछ । | कम्पनीको चुक्ता पुँजी रु.९५,३९,४६,४००/-(पंचानब्बे करोड उनन्चालिस लाख छयालिस हजार चार सय) हुनेछ । जसलाई रु.१०० का दरका ९५ लाख ३९ हजार ४ सय ६४ थान साधारण शेयरहरुमा विभाजन गरिनेछ । | पूँजी वृद्धि गर्न |
| दफा ७(घ) | कम्पनीको जारी पुँजीको स्वामित्वको अनुपात निम्नानुसार हुनेछ ।<br>१.समुह(क) संस्थापकहरुको ७० प्रतिशत हुनेछ ।<br>२.समुह(ख) सर्वसाधारणको ३० प्रतिशत हुनेछ । | कम्पनीको जारी पुँजीको स्वामित्वको अनुपात निम्नानुसार हुनेछ ।<br>१.समुह(क) संस्थापकहरुको ६० प्रतिशत हुनेछ ।<br>२.समुह(ख) सर्वसाधारणको ४० प्रतिशत हुनेछ । | पूँजी संरचना परिवर्तन गर्न |

# शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको वाह्रौं वार्षिक साधारण सभाको निर्णयबमोजिम
## कम्पनीको नियमावलीमा संशोधन

| नियमावलीको सम्वन्धित नियम | हालको व्यवस्था | संसोधित व्यवस्था | उद्देश्य |
|---|---|---|---|
| नियम ५(क) | कम्पनीको अधिकृत पुँजी ६०,००,००,०००।- (साठी करोड)हुँनेछ । उक्त पुँजीलाई रु.१०० दरका ६०,००,०००।-(साठी लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । | कम्पनीको अधिकृत पुँजी रु.२,००,००,००,०००।- (दुई अरव) हुनेछ । उक्त पुँजीलाई रु.१००।-(एक सय) का दरका २,००,००,०००(दुई करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ । | अधिकृत पुँजी वृद्धि गर्न |
| नियम ५(ख) | कम्पनीको जारी पुँजी ५०,९८,९७,३००/-(पचास करोड अन्ठानब्वे लाख सन्तानब्बे हजार तीन सय) हुनेछ । जसलाई रु.१०० का दरका ५० लाख ९८ हजार ९ सय ७३ थान साधारण शेयरहरुमा विभाजन गरिनेछ ।<br><br>कम्पनीको हाल चुक्ता पुँजी ५०,९८,९७,३००/-(पचास करोड अन्ठानब्वे लाख सन्तानब्बे हजार तीन सय) हुनेछ । जसलाई रु.१०० का दरका ५० लाख ९८ हजार ९ सय ७३ थान साधारण शेयरहरुमा विभाजन गरिनेछ । | कम्पनीको जारी पुँजी रु.९५,३९,४६,४००/-(पंचानब्वे करोड उनन्चालिस लाख छयालिस हजार चार सय) हुनेछ । जसलाई रु.१०० का दरका ९५ लाख ३९ हजार ४ सय ६४ थान साधारण शेयरहरुमा विभाजन गरिनेछ ।<br><br>कम्पनीको चुक्ता पुँजी रु.९५,३९,४६,४००/-(पंचानब्वे करोड उनन्चालिस लाख छयालिस हजार चार सय) हुनेछ । जसलाई रु.१०० का दरका ९५ लाख ३९ हजार ४ सय ६४ थान साधारण शेयरहरुमा विभाजन गरिनेछ । | पुँजी वृद्धि गर्न |
| नियम ५(ङ) | कम्पनीको जारी पुँजीको स्वामित्वको अनुपात निम्नानुसार हुनेछ ।<br>१. समुह (क) संस्थापकहरुको ७० प्रतिशत हुनेछ ।<br>२. समुह (ख) सर्वसाधारणको ३० प्रतिशत हुनेछ । | कम्पनीको जारी पुँजीको स्वामित्वको अनुपात निम्नानुसार हुनेछ ।<br>१. समुह (क) संस्थापकहरुको ६० प्रतिशत हुनेछ ।<br>२. समुह (ख) सर्वसाधारणको ४० प्रतिशत हुनेछ । | पूँजी संरचना परिवर्तन गर्न |

## शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको बाह्रौं वार्षिक साधारण सभाको निर्णयबमोजिम कम्पनीको प्रबन्ध-पत्रमासंशोधन

| प्रबन्ध-पत्रको सम्वन्धित दफा | हालको व्यवस्था | संशोधित व्यवस्था | संसोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| | कम्पनीको अधिकृत पुंजी रु.१,५०,००,००,०००।- (एक अरव पचास करोड) हुनेछ । उक्त पुंजीलाई रु.१००।-(एक सय) का दरका १,५०,००,०००(एक करोड पचास लाख) थान साधारण शेयरमा विभाजन गरिनेछ | कम्पनीको अधिकृत पुंजी रु.२,००,००,००,०००।- (दुई अरव) हुनेछ । उक्त पुंजीलाई रु.१००।-(एक सय) का दरका २,००,००,००० (दुई करोड) थान साधारण शेयरमा विभाजन गरिनेछ | अधिकृत पूँजी वृद्धि गर्न |
| दफा ५(ख) | कम्पनीको जारी पुंजी ५०,९८,९७,३००/-(पचास करोड अन्ठानब्वे लाख सन्तानब्वे हजार तीन सय) हुनेछ । जसलाई रु.१०० का दरका ५० लाख ९८ हजार ९ सय ७३ थान साधारण शेयरहरुमा विभाजन गरिनेछ । | कम्पनीको जारी पुंजी रु.९५,३९,४६,४००/-(पंचानब्बे करोड़ उनन्चालिस लाख छयालिस हजार चार सय) हुनेछ । जसलाई रु.१०० का दरका ९५ लाख ३९ हजार ४ सय ६४ थान साधारण शेयरहरुमा विभाजन गरिनेछ । | पूँजी वृद्धि गर्न |
| दफा ५(ग) | कम्पनीको हाल चुक्ता पुंजी ५०,९८,९७,३००/-(पचास करोड अन्ठानब्वे लाख सन्तानब्वे हजार तीन सय) हुनेछ । जसलाई रु.१०० का दरका ५० लाख ९८ हजार ९ सय ७३ थान साधारण शेयरहरुमा विभाजन गरिनेछ । | कम्पनीको चुक्ता पुंजी रु.९५,३९,४६,४००/-(पंचानब्बे करोड उनन्चालिस लाख छयालिस हजार चार सय) हुनेछ । जसलाई रु.१०० का दरका ९५ लाख ३९ हजार ४ सय ६४ थान साधारण शेयरहरुमा विभाजन गरिनेछ । | पूँजी वृद्धि गर्न |
| दफा ७(घ) | कम्पनीको जारी पुंजीको स्वामित्वको अनुपात निम्नानुसार हुनेछ ।<br>१.समुह(क) संस्थापकहरुको ७० प्रतिशत हुनेछ ।<br>२.समुह(ख) सर्वसाधारणको ३० प्रतिशत हुनेछ । | कम्पनीको जारी पुंजीको स्वामित्वको अनुपात निम्नानुसार हुनेछ ।<br>१.समुह(क) संस्थापकहरुको ६० प्रतिशत हुनेछ ।<br>२.समुह(ख) सर्वसाधारणको ४० प्रतिशत हुनेछ । | पूँजी संरचना परिवर्तन गर्न |

# शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको वाह्रौं वार्षिक साधारण सभाको निर्णयबमोजिम

## <u>कम्पनीको नियमावलीमा संशोधन</u>

| नियमावलीको सम्वन्धित नियम | हालको व्यवस्था | संसोधित व्यवस्था | उद्देश्य |
|---|---|---|---|
| नियम ५(क) | कम्पनीको अधिकृत पुँजी ६०,००,००,०००।- (साठी करोड)हुँनेछ । उक्त पुँजीलाई रु.१०० दरका ६०,००,०००।-(साठी लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । | कम्पनीको अधिकृत पुँजी रु.२,००,००,००,०००।- (दुई अरव) हुनेछ । उक्त पुँजीलाई रु.१००।-(एक सय) का दरका २,००,००,०००(दुई करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ । | अधिकृत पुँजी वृद्धि गर्न |
| नियम ५(ख) | कम्पनीको जारी पुँजी ५०,९८,९७,३००/-(पचास करोड अन्ठानब्वे लाख सन्तानब्बे हजार तीन सय) हुनेछ । जसलाई रु.१०० का दरका ५० लाख ९८ हजार ९ सय ७३ थान साधारण शेयरहरुमा विभाजन गरिनेछ ।<br><br>कम्पनीको हाल चुक्ता पुँजी ५०,९८,९७,३००/-(पचास करोड अन्ठानब्वे लाख सन्तानब्बे हजार तीन सय) हुनेछ । जसलाई रु.१०० का दरका ५० लाख ९८ हजार ९ सय ७३ थान साधारण शेयरहरुमा विभाजन गरिनेछ । | कम्पनीको जारी पुँजी रु.९५,३९,४६,४००/-(पंचानब्बे करोड उनन्चालिस लाख छयालिस हजार चार सय) हुनेछ । जसलाई रु.१०० का दरका ९५ लाख ३९ हजार ४ सय ६४ थान साधारण शेयरहरुमा विभाजन गरिनेछ ।<br><br>कम्पनीको चुक्ता पुँजी रु.९५,३९,४६,४००/-(पंचानब्बे करोड उनन्चालिस लाख छयालिस हजार चार सय) हुनेछ । जसलाई रु.१०० का दरका ९५ लाख ३९ हजार ४ सय ६४ थान साधारण शेयरहरुमा विभाजन गरिनेछ । | पुँजी वृद्धि गर्न |
| नियम ५(ङ) | कम्पनीको जारी पुँजीको स्वामित्वको अनुपात निम्नानुसार हुनेछ ।<br>१. समुह (क) संस्थापकहरुको ७० प्रतिशत हुनेछ ।<br>२. समुह (ख) सर्वसाधारणको ३० प्रतिशत हुनेछ । | कम्पनीको जारी पुँजीको स्वामित्वको अनुपात निम्नानुसार हुनेछ ।<br>१. समुह (क) संस्थापकहरुको ६० प्रतिशत हुनेछ ।<br>२. समुह (ख) सर्वसाधारणको ४० प्रतिशत हुनेछ । | पूँजी संरचना परिवर्तन गर्न |